# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, प्रदेश नं १, नेपाल


प.सं. २०७८/०७९
च नं. ३१५६

मिति : २०७८/११/०२

**न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने बारे जरुरी सूचना ।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११,रोजगारीको हक सम्बन्धी नियमावली २०७५ (देस्रो संशोधन) को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (देस्रो संशोधन) २०७८ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७९/८० मा यस अर्जुनधारा नगरपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारमा संलग्न हुन चाहने इच्छुक बेरोजगार नेपाली नागरीकहरु १८ देखि ५९ वर्ष उमेर समुह भएका व्यक्तिहरुले फाल्गुन मसान्त सम्म आफु बस्ने वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनहुन यो सुचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजात:**

१. निबेदक १८ बर्ष भई ५९ बर्ष ननाघेको
२. बार्षिक परिवारको आम्दानी ५१,७००/- भन्दा कम भएको
३. परिवारका अन्य सदस्यको जन्म मिति,ना.प्र.नं,/ ज.द.न. जारी जिल्ला,जारी मिति र नाता
४. हालसाले खिचेको पासपोर्ट साइजको फोटो १ थान
५. सम्बन्धित वडाको स्थायी बासिन्दा भएको, अन्यत्रबाट बसाईसराइ गरी आएको भए बसाईसराइ/विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी
६. नागरिकताको प्रतिलिपी १ थान
७. बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्विकृती लिइ बैदेशिक रोजगारीमा जान नपाएको भए पासपोर्ट नम्बर
८. पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन इच्छुक भएको

प्रतिज्ञा थापा मगर
रोजगार संयोजक

गीता कुमारी राई
प्रमुख प्रशासकीय अधिकृत


फोन नं : ०२३-५९७००२/०२३- ४६५५०२
इमेल: arjundharamun@gmail.com/ info@arjundharamu.gov.np
वेभसाइट: www.arjundharamun.gov.np